मिति २०७८/१०/५ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु

नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

१. नगरसभा गर्ने सम्बन्धमा ।

२. योजना संसोधन सम्बन्धमा ।

३. प्रधानमन्त्री रोजगार तथा युवा रोजगार सम्बन्धमा ।

४. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको अन्तिम नतिजा सम्बन्धमा ।

५. सहकारीहरुलाई अनुदान सम्बन्धमा ।

६. योजना कार्यान्यन सम्बन्धमा ।

७. कोरोना परिक्षणमा खट्ने स्वास्थ्य कर्मी थप सुविधा सम्बन्धमा ।

८. विद्यालय कक्षा थप अनुमती सम्बन्धमा ।

९. नदीजन्य पदार्थ संकलन तथा विकी ठेक्का व्यवस्थापन जानकारी सम्बन्धमा ।

१०. भुन्टेडाँडा केसरले विक्री गर्ने पदार्थको कर संसोधन सम्बन्धमा ।

११. नापीको घरभाडा सम्बन्धमा ।

१२ मुद्धाको प्रतिरक्षा तथा दर्ता गर्न अख्तियारी दिने सम्बन्धमा ।

१३. सुरक्षित नागरिक आवास र मन्सुन्जन्य विपद् विपदमा प्राविधिक व्यवस्थापन बारे ।

१४. विविध सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको १० औं नगरसभा मिति २०७८ साल माघ महिनाको २१ र २२ गते गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा नवौं नगरसभा तथा कार्यपालिका बैंठकबाट विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भएकोमा उक्त योजना तथा कार्यक्रमहरु मध्ये निम्न बमोजिमका योजनाहरु संसोधन गर्नु पर्ने भएकोले संसोधन गरी निम्न अनुसार कार्यान्वयन गर्ने ।

| नवौं नगरसभाबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम रु हजारमा | योजना/कार्यक्रमको नाम | रकम रु हजारमा | |
| बोहखर ओदाले नह मो.वा.(वडा) १० | १०० | बाटुले टारी कुलो मर्मत (वडा) १० | १०० | सं स.अ |
| सिद्धारा सम्म नेट विस्तार .(वडा) १० | १०० | सिद्धारा सामुदायिक भवन .(वडा) १० | १०० | सं स.अ |
| हल्दे देखि बासकटेरी मो.वा (न.पा ७३/७३)-१० | १०० | | | |
| बालुकुष्ठ आ.वि.भंगला तारवार वडा १३ | ५० | बालुकुष्ठ आ.वि.भंगला कम्पाउण्ड वाल निर्माण वडा १३ | ५० | सं स.अ |

| | | | | |
|---|---|---|---|---|
| सूचना विज्ञापन सार्वजनिक सुनुवाई १३ | १०० | सूचना विज्ञापन सार्वजनिक सुनुवाई तथी वडाको डकुमेन्ट्री निर्माण १३ | १०० | सं स.अ |
| चिदिचौर विर्खेचौर मो.वा. (न(पा ६९/८२)-१३ | १०० | भाडगाउ तल्लागाउ मो.वा.-१३ | १०० | सं स.अ |
| जह सिंचाई टंकी निर्माण (वडा) -१३ | १०० | चिदी काठेपुल निर्माण- १३ | १०० | सं स.अ |
| युवा मैत्री खेलकुद कार्यक्रम प्रतियोगिता (वडा) - १३ | ५० | युवाहरुलाई खेलकुद सामग्री वितरण-१३ | ५० | सं स.अ |
| गौरा मा.वि. तारवार (वडा) -१२ | १०० | गौरा मा.वि. भवन रेलिङ्ग निर्माण -१३ | १०० | सं स.अ |
| घसेनी रातामाटा कोठिया दरवारे मो.वा. (वडा)-१२ | १०० | देउराली निपाने दमार ढुङ्गे मो.वा. मर्मत-१२ | १०० | सं स.अ |
| वडा कार्यालय व्यवस्थापन (वाडा)- १२ | १०० | वडा कार्यालय व्यवस्थापन तथा संरक्षण -१२ | १०० | सं स.अ |
| बज्याङ्ग खिब्दी पोखी मो.वा.(वडा)- ३ | ३०० | सिम्ले खानेपानी खिब्दी वडा नं. ३ | २०० | सं स.अ |
| | | वडा नं.३ को बृत्तचित्र निर्माण वडा नं. ३ | ५० | सं स.अ |
| | | बाउन्ने सुनपोखी मो.वा. वडा नं. ३ | ५० | सं स.अ |
| दह आ.वि.निजी स्रोत शिक्षक व्यवस्थापन (वडा) - ३ | १५० | जनजागरण आ.वि.व्यवस्थापन वडा नं. ३ | ५० | सं स.अ |
| | | विपन्न अपाङ्ग तथा जेहेन्दार विद्यार्थी छात्रबृत्ती कार्यक्रम वडा नं. ३ | ५० | सं स.अ |
| | | दह आ.वि. निजी स्रोत शिक्षक व्यवस्थापन वडा नं. ३ | ५० | सं स.अ |
| खयरभट्टी फोंसल सुपारीनेटा बाके मो.वा. स्तरोन्नती (सहिद तारा तेज स्मृती मार्ग) वडा तर्फ ११ | ३५० | चावेनेटा सिमलदिप जनमुखी विद्यालय खर्क मो.वा. वडा नं. ११ | १५० | सं स.अ |
| | | फोर्सल मुल मोटर बाटो निर्माण वडा नं. ११ | १२० | सं स.अ |
| | | लामिदमार देखि दमार मोटर बाटो निर्माण वडा नं. ११ | ८० | सं स.अ |
| बराह मन्दिर संरक्षण र संगम आधारभुत विद्यालय अधुरो कक्षाकोठा पूर्णता (वडा)-२ | १०० | संगम आधारभुत विद्यालय अधुरो कक्षा कोठा पूर्णता वडा नं. २ | १०० | सं स.अ |
| शिवालय मन्दिर पातालटोला पौवाको छेउ (वडा) वडा नं. २ | १०० | शब्दु कृषि सडक वडा नं २ | ५० | सं स.अ |
| | | जलुके कृषि सडक वडा नं २ | ५० | सं स.अ |

निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार तथा युवा रोजगार कार्यक्रमबाट कार्यान्वयन गर्ने गरी योजना छनौट भएकोमा रकम विनियोजन नभएकोले रकम विनियोजन र योजनाहरु केही संसोधन तथा थपघट गर्नु पर्ने आएकोले निम्न बमोजिम गर्ने ।

| सि.नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| | **प्रधानमन्त्री रोजगार तर्फ** | |
| १ | स्वामीनेटा कोट वरिपरिपानी मो.वा. नाली तथा मर्मत शिनपा ७ | २५००००।- |
| २ | जलुके कल्लेरी मो.वा.नाली तथा मर्मत शिनपा ७ | २५००००।- |
| ३ | लामाताल स्वास्थ्य इकाई भवन रङ्गरोगन, पेटी निर्माण तथा वायरिङ्ग शिनपा ७ | २५००००।- |
| ४ | खन्युपानी कुम्भीकोरा जलुके बाटो मर्मत शिनपा ७ | २५००००।- |
| ५ | पलाटे स्वाला कुलो मर्मत शिनपा ७ | २५००००।- |
| ६ | शिनपा ४ का मोटर बाटो स्तरोन्नती | ११५४०००।- |
| ७ | शिनपा ४ का पद मार्ग निर्माण | ७५०१००।- |
| ८ | शिनपा ४ का विभिन्न योजना निर्माण | ४०३९००।- |
| ९ | केमरापानी करेचुली मो.वा.नाली कटिङ्ग शिनपा १४ | २८८५००।- |
| १० | काउले ओडारपाटा मो.वा.शिनपा १४ | २८८५००।- |
| ११ | भालुखोला केमरापानी पद मार्ग शिनपा १४ | १७३१००।- |
| १२ | सखोरमोर खनियाखोला पदमार्ग शिनपा १४ | २८८५००।- |
| १३ | नेपालीटोल प्रतिक्षालय मो.वा. मर्मत तथा कालेगौडा खोल्सी मर्मत शिनपा १४ | २८८५००।- |
| १४ | पावर मा.वि. खोपा मन्दिर झो.पु.मो.वा शिनपा १४ | २८८५००।- |
| १५ | ढाव सिंचाई योजना तथा पधेरो मर्मत शिनपा १४ | २३०८००।- |
| १६ | वडा कार्यालय कम्पाउण्ड शिनपा १४ | ५७७०००।- |
| १७ | गंगा आ.वि. कम्पाउण्ड शिनपा १४ | १७३१००।- |
| १८ | कोहल मो.वा. वडा नं ३ | २०००००।- |
| १९ | सिम्ले खा.पा. खिब्दी वडा नं. ३ | १५००००।- |
| २० | खिब्दी विसारे न्वार गो.वा. वडा नं. ३ | १०००००।- |
| २१ | टिमुरे गो.वा. पदमे वडा नं. ३ | १०००००।- |
| २२ | काउले मो.वा. पदमे वडा नं ३ | १०००००।- |
| २३ | बरवोट पदमे गो.वा. वडा नं. ३ | ७५०००।- |
| २४ | कैलासे खेलमैदान निर्माण वडा नं ३ | १५००००।- |
| २५ | सितापुर कैलासे दक्सुपाटा मो.वा. नाली निर्माण वडा नं. ३ | ५००००।- |
| २६ | पांचपोखा सिख गा.वा.वडा नं ३ | ६००००।- |
| २७ | साहुटोला गंगा गो.वा. वडा नं. ३ | ३०००००।- |
| २८ | खसर्का गंगा गो.वा. वडा नं. ३ | २०००००।- |

| | | |
|---|---|---|
| २९ | सिस्ने खेत देखि सितखोला गो.वा वडा नं. ३ | १०००००।- |
| ३० | वडा भित्रका विभिन्न मो.वा. मा जाली भर्ने कार्य वडा नं. ३ | ४९२२००।- |
| ३१ | सहाराटोल देखि कोडाँडा सम्म, चौपारी देखी भिर्राथुम सम्म, भिम्मले खोला देखि लाटापानी मुहान सम्म, सुपा गुफा देखि भगवती मन्दिर सम्म, काउले मो.वा., घुम्ती देखि घोरबन्दा मो.वा. तथा पिडाल्ने देखि धर्मशालाको मो.वा.मा नाली खन्ने कार्य वडा नं २ | ८०००००।- |
| ३२ | काउले राम्चेडाँडा देखि तोस सम्म बाटो, फलाचौर डाँडा देखि यज्ञ घिमिरेको घर सम्म बाटो, मुलाबारे माइलाको घरदेखि केशव भट्टराईको घर सम्म बाटो खन्ने कार्य वडा नं. २ | ५६३६८८।- |
| | **युवा रोजगार तर्फ** | |
| १ | डमरुदह संरक्षण कार्य शिनपा ३, वाउन्ने सुनपोखरी मो.वा.शिनपा ३, मैनडाडा पिलपाटा मो.वा. शिनपा ३, पाचोखरे सामुदायिक भवन घडेरी निर्माण शिनपा ३, विरौटा कुलो मर्मत शिनपा ३ | |
| २ | नगरपालिका भवन परिसर, प्राथमिक स्वास्थ्य केन्द्र परिसर, क्याम्पस परिसर शिनपा ३ | |
| ३ | खेल मैदान तथा वाल उद्यायन मर्मत तथा संरक्षण, फप्रेनि शार्वजकिन शौचालय वाल तथा फिल्ड निर्माण, वसपार्क निर्माण, शिनपा ४ | ३०५८१००।०० |
| ४ | बराहदह, पाकुरी मावि, लौरी विद्यालय क्षेत्र मर्मत तथा संरक्षण शिनपा ९ | |
| ५ | तारा तेज सहिद पार्क निर्माण, हर्रे दह संरक्ष, जनजागृती मा.वि. संरक्षण शिनपा १० | |
| ६ | दुम्सी आ.वि. भवन निर्माण, खयरभट्टी पार्क निर्माण शिनपा ११ | |
| ७ | कुखुरेखोला कजवे निर्माण शिनपा १३ | |
| ८ | राजीफाँट सिंचाई योजना शिनपा १४ | |

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ बमोजिम यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वमुल्याङ्कनको अन्तिम नतिजा बमोजिम जम्मा ६१.७५ अङ्क प्राप्त भएको व्यहोरा बैठकमा पेश भई जानकारी भएको । पेश भएको एकीकृत नतिजा उपर सूचकगत रुपमा छलफल र विश्लेषण गरियो । आगामी दिनमा पुरा हुन नसकेका सूचकहरुका सम्बन्धमा वडा कार्यालय, सम्बन्धित शाखाका कर्मचारी, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्बद्ध सबैले आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग तथा कार्य गरी अधिकतम अङ्क प्राप्त गर्ने गरी कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका भित्र रहेका कृषि तथा पशु विकास सहकारीहरुलाई गत विगतको कार्य समेतको आधारमा थप व्यवस्थित गर्न नवौं नगरसभाबाट सहकारी संस्था सवलिकरण शिर्षकमा रहेको रकमबाट निम्न सहकारीहरुलाई तपशिल बमोजिमको रकम अनुदान स्वरुप उपलब्ध गराउने ।

तपशिल

| सि.नं. | सहकारीको नाम ठेगाना | अनुदान दिने रकम |
|---|---|---|
| १ | शितगंगा कृषि तथा पशु विकास महिला सहकारी संस्था शिनपा २ | ४०००।- |

| | | |
|---|---|---|
| २ | आधारशिला साना किसान कृषि तथा पशु विकास सहकारी संस्था शिनपा ३ | १०८०००।- |
| ३ | सरोकार सामाजिक उद्यमी महिला सककारी संस्था शिनपा ५ | ५०००।- |
| ४ | मगराकोट कृषि तथा पशु विकास महिला सहकारी संस्था शिनपा ७ | १२६०००।- |
| ५ | जलुके कृषि तथा पशु विकास महिला सहकारी सस्था शिनपा ८ | १२९०००।- |
| ६ | सिद्धारा कृषि तथा पशु विकास महिला सहकारी संस्था शिनपा ९ | ५८०००।- |
| ७ | सिमलपानी साना किसान कृषि तथा पशु विकास महिला सहकारी संस्था शिनपा १३ | ४००००।- |
| ८ | जागृती कृषि तथा पशु विकास महिला सहकारी संस्था शिनपा १० | ५०००।- |
| ९ | गंगाजल कृषि तथा पशु विकास महिला सहकारी संस्था शिनपा १४ | २९०००।- |
| १० | शितगंगा दुग्द सहकारी शिनपा | १५७०००।- |
| | जम्मा | ६६१०००।- |

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा विगत कार्यपालिकाको बैंठकबाट रु १० लाख भन्दा बढी रकम विनियोजन भएका योजनाहरु ठेक्का पट्टाको माध्यमबाट कार्यान्वयन गर्ने गरी निर्णय भएकोमा रु १० लाख भन्दा बढी रकम विनियोजन भएका निम्न योजनाहरु समिति मार्फत कार्यान्वयनको लागि तदारुक्ता देखिएकोले समिति मार्फत कार्यान्वयन गर्ने ।

(क) जेष्ठ नागरिक समाज नेपाल अधुरो भवन मर्मत शिनपा ३ प्रदेश रु १० लाख संघीय रु ५ लाख गरी जम्मा रु १५०००००।-

(ख) सिमलपानी सहकारी भवन निर्माण शिनपा १३ प्रदेश रु १० लाख, न.पा. रु २ लाख, वडा १३ रु २ लाख गरी जम्मा रु १४०००००।-

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा विगत देखि विश्वव्यापी फैलिएको कोभिड महामारी रोगको रोकथामका लागि अग्रपंतीमा खट्ने ल्यावका र आवश्यक्ता अनुसार खट्ने स्वास्थ्य कर्मी कर्मचारीहरुलाई स्वास्थ्य शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले खटाउने । यसरी खटेका कर्मचारीहरुलाई दोहोरो नपर्ने गरी खटेको दिनको मात्र सुरु तलवको ५० प्रतिशत सम्म थप सुविधा दिई प्रोत्साहित गरी कोभिड रोकथामलाई प्रभावकारी बनाउने ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा दुम्सी आधारभुत विद्यालय शिनपा ११ मा कक्षा ७ सम्म सञ्चालन भई रहेको र कक्षा आठ सञ्चालनको लागि अनुमती माग भई आएको सन्दर्भमा आजको बैठकमा छलफल भयो । आगामी ३ वर्ष सम्म यस नगरपालिकाबाट कुनै आर्थिक व्यवहार वहन नहुने गरी कक्षा आठ सञ्चालनको लागि अनुमती दिने ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा नदीजन्य पदार्थ संकलन तथा विकी ठेक्का व्यवस्थापनको लागि मिति २०७८/९/२ गते सूचना प्रकाशन गरिएकोमा सूचना प्रकाशन गरिएको ८ नदी खोला तथा खण्ड मध्ये ३ वटा नदी खोला तथा खण्डको ठेक्का नपरेको, केहीमा एक/एक वटा मात्र पेश भएका र केहीमा एक भन्दा बढी पेश भएको आजको बैठकमा जानकारी भयो । पेश भएका बोलपत्रहरुको समययमै मुल्याङ्कन गरी सूचना बमोजिम

मुअकरमा दर्ता भएका बढी रकम कवोल गर्ने जुनसुकै कार्य गर्ने उदेश्यले दर्ता भएको फर्महरु भएतापनि स्वीकार गरी ठेक्का व्यवस्थापन गर्ने र बोलपत्र पेश नभएका नदी खोला तथा खण्डको पुनः सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा नबौं नगरसभाबाट भुन्टेडाँडा क्रेसरले उत्पादन गरी विकी गर्ने (ढुङ्गा, गिट्टी बालुवा मिस्कट) पदार्थमा मुअकर विलका आधारमा प्रति क्यू फिट रु १.५ का दरले लिने गरी निर्णय भएबमोजिम लिईदै आएकोमा सो लाई संसोधन गरी चालु आ.व.को लागि प्रदेश सरकारले तोके बमोजिम मुअकर विलका आधारमा प्रति क्यू फिट रु ८।- का दरले मिति २०७८ साल माघ १६ गते देखि लिने ।

**निर्णय नं.११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा शितगंगा नगरपालिकामा पुनः नापी चलिरहेको अवस्थामा हालै वडा नं. १२ को जग्गा नापी गर्ने कार्यको लागि शिनपा ४ मा घर भाडामा लिई मासिक भाडा कन्टिन्जेन्शी बाट व्यहोर्ने ।

**निर्णय नं.१२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस कार्यालयलाई विपक्षी बनाई विष्णु बहादुर थापाले सर्वोच्च अदालतमा दिएको मुद्धा रिट नं. ०७८- WO-०४३८ को प्रतिरक्षा गर्न आवश्यक्ता अनुसार कानुनी परामर्शदाता नियुक्ती गर्न यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री झविन्द्र खनाललाई अख्तियारी दिने र सो गर्दा लाग्ने खर्च नगरपालिकाले व्यहोर्ने त्यसै गरी कपिलबस्तु जिससबाट यस कार्यालयलाई हस्तान्तरण भई आएको नम्बर नखुलेको एक्साभेटर मेशिन भाडा प्रयोजनमा ठेक्का दिएको र सोही अवधिमा अज्ञात समूहबाट अगजनी भएको भन्ने सम्बन्धमा सम्झौताको शर्त बमोजिम कानुनी प्रकृया अगाढी बढाउने भन्ने पूर्व बैठकबाट समेत निर्णय भएकोमा हाल सम्म उक्त सम्झौताको शर्त बमोजिम कानुनी प्रकृया अगाढी नवढेकोले प्रकृया अगाढी बढाउन मुद्धा दायर गर्ने आवश्यक्ता अनुसार कानुनी परामर्शदाता नियुक्ती गर्ने समेतको सम्पूर्ण कार्य गर्न यस शितगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत झविन्द्र खनाललाई अधिकार दिने र सो मा लाग्ने खर्च नगरपालिकाले व्यहोर्ने ।

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकामा संचालन हुने सुरक्षित नागरिक आवस कार्यक्रम र मन्सुन्जन्य विपद प्रभावित निजी आवास निर्माण समेतको कार्य गर्न यस न.पा. मा मौजुदा प्राविधिक कर्मचारीबाट कठिन हुने भएकोले सो कार्यको लागि २ जना प्राविधिक कर्मचारी दैनिक ज्यालादारीमा राखी उक्त कार्यमा लगाउने ।

**निर्णय नं.१४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा निम्न बमोजिम गर्ने ।

(क) जुकेना स्वाथ्य चौकी भवन उद्घाटन तथा भित्ते लेखन कार्य गर्दा भएको खर्च पेश भएको विलका आधारमा रु ६५०००।- स्वस्थ्य चौकीको नाममा भुक्तानी दिने ।
(ख) जिल्ला ट्राफिक कार्यालय अर्घाखाँचीको भवन निर्माण गर्न रु २५००००।- कन्टिन्जेन्शीबाट उपलब्ध गराउने ।

आजको बैंठक सर्वसम्मत रुपमा निर्णय गर्दै सम्पन्न भयो ।

सहयोगी कर्मचारी श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा नगरपालिका

मिति २०७८/९/२७ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु

१. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको प्रारम्भिक नतिजा सम्बन्धमा ।

२. योजना सम्झौताको समायावधि थप गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ बमोजिम यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वमुल्याङ्कनको प्रारम्भिक नतिजा बमोजिम जम्मा ६१.७५ अङ्क प्राप्त भएको व्यहोरा आजको बैंठकमा पेश भयो । पेश भएको प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रुपमा छलफल र विश्लेषण गरियो । आगामी दिनमा पुरा हुन नसकेका सूचकहरुका सम्बन्धमा सम्बन्धित शाखा लगायत सम्बद्ध सवैले आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग तथा कार्य गरी अधिकतम अङ्क प्राप्त गर्ने गरी कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाबाट कार्यान्वयनको लागि रकम विनियोजन भएका योजना तथा कार्यक्रमहरुको पूवं निर्णय बमोजिम सम्झौता गर्ने समय २०७८ साल पौष मसान्त भित्र भनि तोकिएकोमा अझै करिव आधा जती योजनाहरुको सम्झौता हुन बाँकी रहेकोले उपभोक्ता समिति सँग सम्झौता गर्ने समय अवधि थप गरी मिति २०७८ साल माघ मसान्त कायम गर्ने । साथै पछी रकम विनियोजन हुने तथा अन्य निकायबाट प्राप्त हुने योजनाहरु बाहेक स्वीकृत योजनाहरुको हकमा तोकिएको समय अवधि सम्म पनि सम्झौता नभएमा त्यस्ता योजनाहरुको सम्झौता नगर्ने निर्णय गरियो ।

निर्णय नं. ३

स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ बमोजिम यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वमुल्याङ्कनको प्रारम्भिक नतिजा जिल्ला समन्वय समितिमा पेश भएकोमा जिल्ला समन्वय समितिबाट प्राप्त हुने पृष्ठपोषण सहित अन्तिम नतिजा स्वीकृत गर्न मिति २०७८ पौष ३० गते कार्यपालिकाको बैठक वस्ने निर्णया गरियो ।

आजको कार्यपालिकाको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

८

सहयोगी कर्मचारी श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा नगरपालिका

**मिति २०७८/९/९ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१. विगत बैठका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. सेवा प्रवाहको समिक्षा सम्बन्धमा ।

३. माग भएका योजनाका लागि वजेट व्यवस्था सम्बन्धमा ।

४. माटो निकासी सम्बन्धमा ।

५. आर्थिक सहायता सम्बन्धमा ।

६. स्वास्थ्य कर्मी नियुक्ति रोक्का भनि दिएको निवेदन सम्बन्धमा ।

७. अन्तर सरकार समन्वय समिति गठन सम्बन्धमा ।

८. संघीय समपुरकमा संचालनका लागि योजना छनौट सम्बन्धमा ।

९. प्रदेश समपुरकमा संचालनका लागि योजना छनौट सम्बन्धमा ।

१०. कृषि पशु प्रवर्द्धनका लागि प्राविधिक दैनिक ज्यालादारीमा राख्ने सम्बन्धमा ।

११. घुम्ती सेवा संचालन गर्ने सम्बन्धमा ।

१२. विपद कोषमा रकम रकमान्तर गर्ने सम्बन्धमा ।

१३. सडक मर्मत सम्बन्धमा ।

१४. सहकारीलाई अनुदान सम्बन्धमा ।

१५. प्रधानमन्त्री रोजगार योजना सम्बन्धमा ।

१६. आर्थिक सहायता सम्बन्धमा ।

१७. योजना संसोधन सम्बन्धमा ।

१८. प्रधानमन्त्री रोजगार तथा युवा रोजगारको वजेट विनियोजन सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.मा विभिन्न मितिमा भएको ७ वटा कार्यापालिकाको बैठकबाट भएका निर्णयहरुको विषयमा समिक्षा भयो । विगत बैंठकबाट भएका निर्णयहरु मध्ये अधिकाशं निर्णयहरु कार्यान्वयन भएका कतिपय कार्यान्वयनको प्रक्रियामा रहेको पाईयो । मिति २०७८/७/२६ गतेको कार्यपालिकाको बैठकबाट सुरक्षित आवास निर्माणको कार्य अगाडी बडाउने गरी निर्णय भएकोमा हाल सम्म आवास निर्माणको लागि रकम निकासा नदिएकोले छिटो रकम सम्बन्धित व्यक्तिको खातामा जम्मा गरि दिने र आगामी दिनमा कार्यपालिकाबाट भएका निर्णयहरु समयमै कार्यान्विन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाका सबै वडा कार्यलयं, विषयगत शाखा र नगरपालिकाबाट सेवा प्रदायकलाई प्रदान भईरहेको सेवाको सम्बन्धमा छलफल भयो । वडा तथा नगरपालिकाबाट प्रदान गर्ने सेवाका सन्दर्भमा केही विषयमा समयमै सेवा प्रदान हुन नसकेको, शाखामा कर्मचारीहरु नभेटिएको समेतका विषयमा केही गुनासाहरु समेत आएकोले कार्यालय समय भित्र अनिवार्य रुपमा कर्मचारीहरु कार्यालयमा वस्ने कही कतै जानु पर्ने भएमा लगबुक भरी जाने र सेवाग्राहीबाट आवश्यक प्रकृया पुरा गरी पेश भएको कागजातका सम्बन्धमा एक घण्टा भित्र सम्बन्धित शाखाबाट अनिवार्य रुपमा कार्यान्वयन गरी सेवा दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गत बैठकमा पेश भई ल.इ.गरी आगामी बैठकमा पेश गर्ने भनि निर्णय भएका तपशिलका योजनाहरुको लागि श्रोतको पहिचान गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

(क) शिनपा ३ मा निर्माणाधिन व्याडमिन्टन कोर्ट निर्माण

(ख) वराहदह संरक्षण

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा शिनपा १४ बठेनी निवासी कुल बहादुर ठेडीले आफ्नो कित्ता नं. २१५, २१९, २७, ४९ को निजी जग्गाबाट माटो निकासी गर्न अनुमती पाउँ भनि वडा कार्यालयको शिफारिस सहित माग भई आएको र शिनपा १२ निवासी रामलाल पौडेलले घर माथि पहिरो आई घरलाई जोखिममा पारेको र उक्त माटो हटाई बाहिर निकासी गर्नुको साथै घर समेत संरक्षण गर्न माटो निकासीको अनुमती पाउ भनि जग्गा धनी पुर्जा सहित निवेदन दिएकाले माग बमोजिम नियमानुसारको रोयल्टी लिई माटो निकासी गर्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विभिन्न राजनीतिक दलहरुबाट आर्थिक सहयोग माग भई आएको सन्दर्भमा छलफल हुँदा कुनै पनि राजनीतिक दललाई आर्थिक सहायता प्रदान नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा धर्म कुमार रोका समेत ५ जनाले दिएको संयुक्त निवेदन अनुसार नगरपालिकाले मिति २०७८/५/१० मा खोलिएको विज्ञापन नं. १३७ अहेव/अनमी पदका लागि २०७८/८/२९ गतेको मौखिक परिक्षामा अधिक अङ्क ल्याउनेलाई अनुत्तिर्ण गरी न्यून अङ्क ल्याउनेलाई उत्तिर्ण गराइ अपारदर्शि तरिकाले नतिजा प्रकाशन गरिएको हुँदा नियुक्ती रोक्का गरी छानविन गरी प्रकृया अगाडी बढाई दिनु हुन भनि दिएको निवेदनका सन्दर्भमा छलफल भयो । सो सम्बन्धमा छनौट समितिको नतिजालाई सदर गर्दै नियमानुसारको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा संघीय सरकार, प्रदेश सरकार र अन्तर पालिका समन्वय सहकार्य गर्न निम्न बमोजिमको संघीय सरकार, प्रदेश सरकार र अन्तर पालिका सहकार्य/समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक :- नगर प्रमुख, सदस्य :- नगर उप- प्रमुख, सदस्य :- प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०७९/०८० को लागि संघीय समपुरक अनुदान तथा विशेष अनुदान अर्न्तगत सञ्चालन गरिने आयोजनाहरुको प्रस्ताव आव्हान गरेको सन्दर्भमा निम्न योजनाहरु माग गर्ने निर्णय गरियो ।

**संघीय समपुरक तर्फ**

(क) चाक्ला हर्रे बहखोर पाकुरी धानखोला सडक स्तरोन्नतीको लागि रु १ करोड

(ख) सितापुर (वडाचौर) सुवर्णखाल मन्द्रे नेटापोखरा सडक स्तरोन्नतीको लागि रु १ करोड

(ग) सातमारा लाहापे सिलिङ्गखोला चिदिचौर सडक स्तरोन्नतीको लागि रु १ करोड

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०७९/२०८० को लागि लुम्बिनी प्रदेश सरकारसँग समपुरक अनुदानमा संचालनको लागि तपशिलका योजनाहरु माग गर्ने निर्णय गरियो ।

**प्रदेश सरकार समपुरक तर्फ**

(क) ठाडा अमराई जुकेना देउराली ऐरावती सडक (पतञ्जली मार्ग) स्तरोन्नतीको लागि रु २ करोड

(ख) पिपरा सिमलपानी भेडामारे चाक्ला चिदिचौर सातमारा भालुवाङ्ग सडक (सहिद कृष्णसेन इच्छुक स्मृती मार्ग) चाक्ला देउराली विक्रम सडक खण्ड सडक स्तरोन्नतीको लागि रु २ करोड

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा नवौं नगरसभाबाट वजेट विनियोजन गर्दा वडा नं ९, १३ र १४ मा कृषि पशु प्रर्वद्धनका लागि प्राविधिक सहयोग भनि रकम विनियोजन गरेकोले यस नगरपालिकाको भौगोलिक अवस्था ठूलो भएको र मौजुदा कृषि तथा पशु प्राविधिकबाट सवै क्षेत्रमा प्रभावकारी र समयमै सेवा दिन नसकिरहेको अवस्थामा कृषि तथा पशु क्षेत्रको विकास गरी उत्पादन बृद्धी गर्न आवश्यक प्राविधिक सहययोगका लागि २ जना कृषि/पशु प्राविधिक दैनिक ज्यालादारीमा राख्ने निर्णय गरियो ।

### निर्णय नं.११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका भौगोलिक रुपमा ठूलो र विकट भएकोले नगरपालिका तथा वडाबाट प्रदान गरिने सेवा गाउँघरबाटै जनतालाई उपलब्ध गराउने गरी हाल तपशिलको वडामा निम्न मितिमा एक दिने घुम्ती सेवा संचालन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| सि.नं | घुम्ती सेवा संचालन गर्ने स्थान | मिति | समय | उपलब्ध गराइने सवाहरु |
|---|---|---|---|---|
| १ | वडा नं ९ वडा कार्यालय करमगैरा | २०७८/९/१६ | विहान १० वजे देखि साझ ४ वजे सम्म | अपाङ्ग परिचय पत्र वितरण |
| २ | वडा नं. ८ वडा कार्यालय लाहापे | २०७८/९/१७ | | योजना सम्झौता |
| ३ | वडा नं. ११ वडा कार्यालय खयरभट्टी | २०७८/९/१८ | | स्वास्थ्य सेवा |
| | | | | अन्य आवश्यक शिफारीस |

### निर्णय नं.१२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा गत विगतको बाढीका कारण घरहरु भत्कन गई घरवास विहीन भएका नगरवासीहरुलाई संघीय सरकारले घर निर्माण गर्दा नगरपालिकाले १५ प्रतिशत लागत सहभागिता गर्नु पर्दा प्रति घर रु ६० हजारका दरले रकम व्यवस्था गर्नु पर्ने भएकोले हाल कोभिड कोषमा जम्मा भएको रकम मध्ये रु २० लाख रकमान्तर गरी विपद कोषमा ल्याई पहिरो पिडीतहरुको घर निर्माण गर्दा नपाले व्यहोर्ने १५ प्रतिशत रकम व्यहोर्ने तथा कोभिड कोषमा रकम आवश्यक परेको खण्डमा आवश्यक्ता बमोजिम पछी व्यवस्थापन गर्ने गरी कार्य अगाढी बढाउने निर्णय गरियो ।

### निर्णय नं.१३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा देउराली जलुके लामाताल सडक अर्न्तगत बाक्सेको पहिरोमा राम्रोसँग गाडीहरु संचालन हुन नसकिरहेकोले उक्त खण्ड समेत सो सडक मर्मत सुधारको लागि कन्टिन्जेन्सीबाट रु ५ लाख वजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

### निर्णय नं.१४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकामा रहेको कृषि तथा पशु विकास सहकारीहरुलाई अनुदान सहयोग गर्ने सन्दर्भमा आगामी बैठकमा छलफल गरी निर्णय गर्ने ।

### निर्णय नं.१५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार तथा युवा स्वरोजगार कार्यक्रमबाट कार्यान्वयन गर्ने गरी योजना छनौट भएकोमा उक्त योजनाहरु केही संसोधन तथा थपघट गर्नु पर्ने भई वडाबाट माग भई आएकोले निम्न बमोजिम संसोधन तथा थप गर्ने निर्णय गरियो ।

| वडा नं. ९ का पूर्व बैठक तथा सभाबाट स्वीकृत योजनाहरु | वडा नं. ९ का संसोधित तथा थप योजनाहरु |
|---|---|
| आकासे खा.पा. सामाग्री खरिद | आकासे खा.पा. मर्मत |
| लामिदमार खा.पा. सामाग्री खरिद | लामिदमार खा.पा. मर्मत |

| | |
|---|---|
| खारघाट खा.पा. योजना सामाग्री खरिद | खारघाट खा.पा. योजना मर्मत |
| बगाले सिंचाई सामाग्री खरिद | बगाले सिंचाई मर्मत |
| सिस्ने सिंचाई सामाग्री खरिद | सिस्ने सिंचाई कुलो मर्मत |
| विसमुरे सिंचाई कुलो बाध मर्मत सामाग्री खरिद | विसमुरे सिंचाई कुलो बाध मर्मत |
| शंकरज्योती आ.वि. छात्रवास सामाग्री खरिद | शंकरज्योती आ.वि. छात्रवास मर्मत |
| रागाकाटे रिङ्गरोड मो.वा. सामाग्री खरिद | रागाकाटे रिङ्गरोड मो.वा. मर्मत |
| सत्य महादेव गुफा निर्माण सामाग्री खरिद | सत्य महादेव गुफा मर्मत |
| पाकुरी सुपा देउराली मन्दिर निर्माण सामाग्री खरिद | पाकुरी सुपा देउराली मन्दिर निर्माण/मर्मत |
| | धानखोला सिस्ने मो.वा. कच्ची नाली मर्मत |
| | चिदिचौर सिलिङ्गखोला बेसारेडाडा मो.वा. कच्ची नाली मर्मत |
| | सिद्धारा लौरी बसेनी लामाताल मो.वा कच्ची नाली मर्मत |
| | बुढाथेकी को घर हुदै ठाडाखालोला जाने मो.वा जाली मा ढुङ्गा भर्ने काम |
| | अक्कासे छहरे लौरी कात्तिके असारे बाह्रमुरे लामीदमार सिलिङ्गखोला मो.वा. मर्मत सुधार |

सितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं.१६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा विभिन्न फर्म, व्यक्तिहरुले विभिन्न कारणहरु उल्लेख गरी राहत सहयोग माग गरी निवेदन दिएकाले निम्न व्यक्ति तथा फर्मलाई तपशिल बमोजिमको रकम राहत सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

(क) ज्ञानु घर्ति शिनपा १२ मृगौला पिडित रु २५०००।-

(ख) लक्ष्मण पौडेल शिनपा ६ वर्षाको कारण फर्ममा क्षति रु २५०००।-

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा विभिन्न मितिमा विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भएकोमा उक्त योजना तथा कार्यक्रमहरु मध्ये निम्न बमोजिमका योजनाहरु संसोधन गर्नु पर्ने भएकोले संसोधन गरी निम्न अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

| नवौं नगरसभाबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| वडा कार्यालय परिसरमा प्रतिक्षालय निर्माण वडा नं २ (न.पा. तर्फ ७९/२०) | १५०००० | कार्यालय बैठक कक्ष निर्माण तथा आवश्यक सामाग्री व्यवस्थापन शिनपा २ | १५०००० | राजश्व संघ |

| | | | | |
|---|---|---|---|---|
| खन्नेपानी विद्यालय तारवार वडा नं ७ ( न.पा. ५८/२१) | १००००० | जनजागृती आ.वि.गेट निर्माण शिनपा ७ | १००००० | प्रदेश राजश्व |
| जुवाकोट भान्साबाजे मन्दिर निर्माण वडा नं ७ (न.पा तर्फ ६१/१७) | १००००० | भुमिथान मन्दिर निर्माण शिनपा ७ | १००००० | आन्तरिक |
| व्यवसायिक कृषकहरुलाई अवलोकन भ्रमण (वडा तर्फ ७ को ९९/२) | १५०००० | कृषि चुन तथा विषाधी वितरण -७ | १५०००० | सं स.अ |
| चेङ्गखोला कुलो मर्मत र पाखाचौर सिंचाई टंकी निर्माण (वडा तर्फ ७ को १००/४) | २००००० | पाखाचौर सिंचाई पाईप खरिद -७ | १००००० | सं स.अ |
| | | कल्लेरी स्वास्थ्य इकाई भवन निर्माण-७ | १००००० | |
| अमलिखोला बोक्सेचौर खा.पा. टंकी निर्माण (न.पा.६- ७३/९) | २००००० | अमिलेखोला बोक्सेचौर खा.पा. मर्मत -६ | २००००० | सं स.अ |
| सिद्धार्थ निमावि तारवार (न.पा. ६-५८/२०) | १००००० | सिदार्थ निमावि मर्मत -६ | १००००० | प्रदेश रा |
| थारपाईला सिमलपोखरी मो.वा.मर्मत ( न.पा. ५- ६७/५८) | १००००० | कालिका मन्दिर निर्माण डोटेखर्क -५ | १००००० | सं स.अ |
| कृषि प्रोत्साहान कार्यकम वडा ८ ( १०१/१) | ५००००० | पशु विकास सम्बन्धि कार्यकम | ५००००० | सं स.अ |
| ओख्ले कटासे मो.वा.(न.पा.७०/९२) १४ | १००००० | ढाव् तल्लाढाव सिंचाई टंकी निर्माण १४ | १००००० | सं स.अ |

**निर्णय नं. १८**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा आ.व.२०७८/७९ को प्रधानमन्त्री रोजगार कार्यकम अन्तर्गत शर्षत अनुदान मार्फत यस शितगंगा नगरपालिकालाई प्राप्त रकमबाट यस पालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत २२३७ जना बेरोजगार व्यक्तिहरु मध्ये ४७१ जनालाई दैनिक रु.५७७ का दरले ज्याला दिने गरी न्युनतम १०० दिनको रोजगार संचालन गर्नको लागि बेरोजगार संख्याको आधारमा देहाय बमोजिमको संख्या निर्धारण गरियो । साथै युवा रोजगारीमा रुपान्तरण पहल आयोजनाको बजेटबाट सुचिकृत बेरोजगार व्यक्तिमध्ये अतिविपन्न र विपतमा परेका लाई स्थानिय निर्देशक समितिको निर्णयबाट ५३ जनालाई नगरपालिकाबाट रोजगारी दिने र अरु बजेट वडामा बेरोजगार संख्याको आधारमा विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| वडा नं. | कामगर्ने बेरोजगार संख्या | बजेट | कैफियत |
|---|---|---|---|
| १ | २१ | ११८०००० | |
| २ | २४ | १३६३६०० | |
| ३ | ३६ | २०७७२०० | |

| | | | |
|---|---|---|---|
| ४ | ४० | २३०८००० | |
| ५ | २२ | १२७६६०० | |
| ६ | २० | ११३४००० | |
| ७ | २२ | १२४४६०० | |
| ८ | २६ | १४९४२०० | |
| ९ | ३१ | १७८८७०० | |
| १० | ३० | १७३१००० | |
| ११ | ४४ | २५३८८०० | |
| १२ | २७ | १५५८००० | |
| १३ | ३० | १७३१००० | |
| १४ | ४५ | २५९६५०० | |
| जम्मा | ४१८ | २४०२२२०० | |

नवौ नगर सभा तथा कार्यपालिकाको बैठकहरुबाट प्रधानमन्त्री रोजगार तथा युवा रोजगार कार्यक्रमबाट आ.व. २०७८/०७९ मा संचालन गर्ने गरी योजनाहरु सूचिकृत भएकोमा सो समेतका आधारमा निम्न योजनाको लागि तपशिल बमोजिमको रकम विनियोजन गर्ने ।

| वडा नं. | योजनाहरु | विनियोजित रकम |
|---|---|---|
| १ | साधनकाबुटा मन्द्रे सामुदायिक भवन, बाउन्दी केवरेघाट, मन्द्रे चोस देखि जाडीसम्म, अधेरी करम्दीप, घुम्ती सव्दु, धैयाचौर दुमैघाट, हल्दे माईकाथन स्कुल गो.वा. निर्माण, उपल्लीखण्ड अर्खले गो.वा. सिडी निर्माण र धारापानी नाली निर्माण | ११८०००० |
| ६ | ठाटीचौर ठुलाढुङ्गे मो.बा. निर्माण | १,८०,००० |
| ६ | फुर्सामाटा वंसारी गोरेटो बाटो निर्माण | १,००,००० |
| ६ | वंसारी ठाटीचौर गोरेटो बाटो निर्माण | १,५०,००० |
| ६ | बोक्सेचौर शिवादह गोरेटो बाटो निर्माण | १,५०,००० |
| ६ | गोल्ढुन्ङ्ग भनभने सेङ्गलेङ्ग गोरेटो बाटो | १,५०,००० |
| ६ | पिपलकारुख रत्ने गोरेटो बाटो निर्माण | ८०,००० |
| ६ | चाकल्ढुङ्गा पिपलकारुख प्रतिक्षालय गोरेटो बाटो निर्माण | १,५०,००० |
| ६ | कलमकोट सागरे खमारी गोरेटो बाटो निर्माण | १,७३,९०० |
| ८ | सातमारा लाहापे, मिलनचोक देखि बेसारेडाँडा मो.वा. मर्मत सम्भार | ५००००० |
| ८ | हात्तिढुङ्गा ट्रस्ट निर्माण | ५०,००० |
| ८ | धोद्रे रातामाटाबङगुरखालमाझखालमोटर बाटो निर्माण | १,००,००० |
| ८ | तीनखण्डे रीङरोड स्तरौन्नतीतथानयाट्र्याकनिर्माण | २,५०,००० |
| ८ | आँपचोर जौखरे मोटर बाटो निर्माण | १,००,००० |
| ८ | बडीदमार आँपचौर दक्सु सुनघाटहुदै डम्रेखर्क मोटरबाटो स्तरोन्नती | २,००,००० |
| ८ | बान्द्रे ट्रस्ट निर्माण | १,००,००० |
| ८ | लामीदमार मोटर बाटो निर्माण | १,००,००० |
| ८ | डम्रेखर्क सुनघाट | ९४२०० |
| १० | सामकोट तिरमिरे मन्दिर निर्माण | ४,००,००० |
| १० | शिनपा १० का मन्दिरहरुमा सिढी तथा वाल निर्माण | ३,००,००० |
| १० | शिनपा १० का मोटर बाटो सुधार तथागोरेटो बाटो निर्माण | ६,००,००० |
| १० | शिनपा १० का पोखरी मर्मत | २,३१,००० |

सितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| १० | भकारो सुधार कार्यक्रम | २,००,००० |
| १२ | साइबासे कुलो मर्मत तथा तल्लो डोहोटे रिङ्गरोड र मजुरेडाँडा कोन्द्रेघाट जाने गोरेटो बाटो निर्माण योजना | ५,१९,३०० |
| १२ | खुम्चिकोट निपाने दमार गोरेटो बाटो निर्माण र वडा स्तरीय कच्ची सडक नाली निर्माण योजना | ८,६५,५०० |
| १२ | कतलेरी खुतुवा सिंचाइ कुलो तथा वडा भित्रको पद मार्ग | १,७३,२०० |
| १३ | रिकोट हरांथरी भंगाला गोरेटो बाटो निर्माण | ५,००,००० |
| १३ | डडुवा पाहारे गोरेटो बाटो निर्माण | १,००,००० |
| १३ | ज्याति चौपारी लामिदह बेताने र असारे सेरा मसानघाट जोड्ने मोटर बाटो निर्माण | ४,००,००० |
| १३ | डडुवा तारिके गोरेटो बाटो निर्माण | ३,००,००० |
| १३ | बाहुनखर्क थापाटोल तल्लो नेटाखर्क गोरेटो बाटो | २,००,००० |
| १३ | पाल्लेपानी सानीलेक सिमलपानी स्वास्थ्य चौकी हुदै दर्जी टोल मोटर बाटो निर्माण | ३,००,००० |

सहयोगी कर्मचारी श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा नगरपालिका

**मिति २०७८/८/२२ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१. विभिन्न कार्यविधिहरु सम्बन्धमा ।

२. विपद सम्बन्धमा ।

३. वडालाई आय फिर्ताको योजना सम्बन्धमा ।

४. खोलाको आइइइ गर्ने सम्बन्धमा ।

५. योजना सम्झौताको समयावधि थप गर्ने सम्बन्धमा ।

६. वजेट विनियोजन सम्बन्धमा ।

७. मेडमा कार्यक्रम संचालन सम्बन्धमा ।

८. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन सम्बन्धमा ।

९. नदी/खोला ठेक्का व्यवस्थापन सम्बन्धमा ।

१०. विविध सम्बन्धमा ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची नेपाल

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कार्यालयबाट तयार भई पेश भएका तपशिल बमोजिमका कार्यविधिहरु आजको बैठकमा छलफल भई केही संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

(क) कृषि पशु अनुदान वितरण कार्यविधि दोस्रो संसोधन २०७८

(ख) खर्चको मापदण्ड तथा कार्यविधि २०७८

(ग) सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि २०७८

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा विभिन्न फर्म, व्यक्ति तथा संघ सस्थाहरुले विभिन्न कारणहरु उल्लेख गरी राहत सहयोग माग गरी निवेदन दिएकाले निम्न व्यक्ति, फर्म तथा संघ संस्थाहरुलाई तपशिल बमोजिमको रकम राहत सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

(क) टिका बहादुर बादी शिनपा ६ आगलागी रु ५००००।-

(ख) गायश्वर पुलामी शिनपा ७ आगलागी रु ५००००।-

(ग) हिरासिंह कुमाल शिनपा ९ आगलागी रु २५०००।-

(घ) ग्रिन नर्सरी तथा बराहा बंगुर ब्रिडिङ्ग फर्म रु २५०००।- (असिनाबाट क्षति २०७६)

(ङ) गणेश पौडेल शिनपा ३ फर्म क्षति बापत रु २५०००।- (असिनाबाट क्षति २०७६)

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गत आ.व.मा शिर्तगंगा नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न नदी खोलाहरुबाट नदीजन्य पदार्थ संकलन तथा विक्रीबाट उठेको रकमबाट १० प्रतिशत सम्म रकम प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्ने भएकोले नवौं नगरसभाबाट चालु आ.व.को लागि वजेट विनियोजन हुँदा आय फिर्ता शिर्षकमा राखिएको रकमबाट प्रभावित क्षेत्रको विकासका लागि सम्बन्धित वडा भित्रका नदी खोलाहरुबाट संकलन भएको रकमका आधारमा सम्बन्धित वडाका देहाय बमोजिमका योजना/कार्यक्रमहरुमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

१. धोदरे मोटर बाटो स्तरोन्नती शिनपा ८ रु २०००००।-

२. वडा कार्यालय कम्पाउण्ड तथा अधुरो क्यान्टिन निर्माण रु ४३५०००।-

३. विकम खोरमोर तोरीवारी मो.वा. रु २०००००।-

४. हरिओमखोला धुलेपुल धौलेटाकुरा मो.वा. मर्मत रु १०००००।-

५. सिंचाई खा.पा. पाईप खरिद रु २०००००।-

६. नापी कार्यालय व्यवस्थापन रु ५००००।-

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न खोलाहरुको प्रारम्भिक वातावरणीय अध्ययन (आईइइ) गरी नदीजन्य पदार्थको विक्री तथा ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

(क) सुकवेल खोला शिनपा ११

(ख) बहवेल गन्धैला खोला शिनपा ११

(ग) चोर खोला शिनपा ११

(घ) सुरई गनेरी खोला शिनपा ११

(ङ) सिलिङ्ग खोला शिनपा ८ र ९

(च) मुसियान खोला शिनपा १३

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाबाट कार्यान्वयनको लागि रकम विनियोजन भएका योजना तथा कार्यक्रमहरुको नवौं नगरसभाबाट सम्झौता गर्ने समय २०७८ साल कार्तिक मसान्त भित्र भनि तोकिएकोमा यस वर्ष पछी सम्म परेको वर्षाको कारणले उल्लेखित समयावधि भित्र सवै योजनाहरुको सम्झौता गर्न नसकिएकोले उक्त सम्झौता गर्ने समय अवधि थप गरी मिति २०७८ साल पौष मसान्त कायम गर्ने र सो अवधि भित्र सवै योजनाहरुको सम्झौता सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व.मा नगरी नहुने र अधुरो रहेका निम्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन गर्ने निर्णय गरियो ।

(क) देवि मन्दिर ठूलाढुन्ग्रे मन्दिर निर्माण शिनपा ६ रु २५०००।-

(ख) नागेश्वरी मन्दिर निर्माण शिनपा ६ रु २५०००।-

(ग) शिनपा ३ पखेरे सोलार खानेपानी कन्भटर खरिद रु १५००००।- (मोटर मर्मत तथा खरिद शिर्षकबाट)

(घ) शिनपा ६ ढाव थाप्लेवारी लिफ्ट खापा योजना मोटर खरिद रु  (मोटर मर्मत तथा खरिद शिर्षकबाट)

(ङ)  शिनपा ९ र १० पाइप वल्डीङ्ग गरेको विल बमोजिमको रकम भुक्तानी रु ७०००।-

(च) शिनपा ३ मा निर्माणाधिन व्याडमिन्टन कोर्ट अधुरो रहेकोले ल.इ. गरी आगामी बैठकमा पेश गर्ने ।

(छ) वडा नं. ९ को पाकुरी माविमा जडान भएको इन्भटर मर्मत गर्ने ।

(ज) वराहदह संरक्षणको लागि ल.ई गरी आगामी बैठकमा पेश गर्ने  ।

(ज) वडा नं. १० को सिद्धारा स्वास्थ्य चौकीमा एक सेट इन्भटर जडान गर्ने ।

(झ) शिनपा १२ रजिया मुलखोला लिफ्ट खा.पा. मर्मत (मोटर मर्मत तथा खरिद शिर्षकबाट)

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गत आर्थिक वर्ष देखि यस नगरपालिकामा लागु भएको मेडपा कार्यक्रम यस नगरपालिकाको वडा नं. ६, ७, ८ र ९ मा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७८ को बारेमा आजको बैठकमा जानकारी भयो । कार्यविधिमा उल्लेख भएबमोजिम गर्नु पर्ने कार्यहरु तोकिएबमोजिम सवैले आ-आफ्नो क्षेत्रबाट गर्ने गराउने निर्णय गरियो । साथै गत आ.व.को मुल्याङ्कन तोकिएको समयावधि भित्र सम्पादन गर्ने र कुनै सूचक पुरा हुन नसकेमा आगामी दिनमा पुरा गर्ने गरी कार्य गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपशिल बमोजिमका नदी तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री गर्ने कार्यको तपशिल बमोजिम ठेक्का व्यवस्थापन गर्ने । सूचना प्रकाशन गर्दा राष्ट्रपति चुरे तराई मेधश संरक्षण विकास समितिबाट सहमती प्राप्त हुँदा परिमाणमा फरक गरी सहमती आएमा सोही बमोजिम गर्ने । साथै दररेट प्रदेश सरकार बाट तोकेबमोजिम मुअकर बाहेक प्रति क्यूफिट रु १२।- का दररले गर्ने र ठेक्का स्वीकृत पश्चात एकमुष्ठ रकम बुझाउन चाहेमा ५ प्रतिशत छुट दिने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

## तपशिल

| नदी खोला/घाटको नाम | उत्खनन संकलन गर्ने परिमाण | न्यूनतम अङ्क ( मुअकर वाहेक) |
|---|---|---|
| **राप्ती नदी**- राप्ती वगर गढवा गा.पा. सिमाना क्षेत्र | ८९१० | ३७७५३००.०० |
| **राप्ती नदी**- पल्टेडाँडा उत्तर तर्फको क्षेत्र | १३८६० | ५८७२७००.०० |
| **रङ्गसिङ्ग खोला**- रागाकाटे देखि केरावारी सम्मको क्षेत्र | १३७२८ | ५८१६८००.०० |
| **रङ्गसिङ्ग खोला**- बेलदमार पुच्छार देखि खारघाट गाउँको पुच्छार सम्मको क्षेत्र | ९९०० | ४१९४८००.०० |
| **रङ्गसिङ्ग खोला**- तिनखण्डको पुच्छार र तिनखण्डे खानेपानी आयोजनाको ५०० मिटर उत्तर तर्फको क्षेत्र | ७२०७ | १७८२५००.०० |
| **खयरभट्टी खोला**- रातोपहरा देखि दुमई सम्मको क्षेत्र | १३११७ | ५५५७९००.०० |
| **कोन्द्रे खोला** - बेलौतीपाटा देखि दुई खोलाको दोभान सम्मको क्षेत्र | १६९६२ | ७१८७१००.०० |
| **बाणगंगा खोला** - जरिकुना क्षेत्र | ९३५५ | ३९६३९००.०० |
| **जम्मा** | ९३०३९ | ३८१५१०००.० |

### निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा तपशिल बमोजिम गर्ने गराउने निर्णय गरियो ।

(क) वडा नं. ७ को वडा कार्यालय भवन आफ्नो जग्गा कायम भएकोले सो जग्गामा वडा कार्यालय भवन निर्माण गर्ने ।

(ख) वडा नं.१० मा संचालन हुने स्वास्थ्य शिविरमा डाक्टरहरुको खाना बढीमा रु २५००० भुक्तानी गर्ने ।

(ग) शिनपा १२ का खुम बहादुर खड्काको शिनपा १२ मा रहेको आवादी कि.नं. ७११ र शिनपा १४ पावरा का दिल बहादुर लोहारेको शिनपा १४ पावरामा रहेको आवदी कि.नं. ४२, ५९, १९६ बाट माटो निकासी गर्न माग भई आएकोले माग बमोजिम नाँपजाँच गरी सो बमोजिम रोयल्टी बुझाई लैजान अनुमती दिने ।

**अन्त्यमा आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।**